# कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तोपगाछी, झापा
कोशी प्रदेश, नेपाल

कमल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तोपगाछी, झापा कोशी प्रदेश, नेपाल

प.स. २०८२/०८३
च.न.

---

**प्रथम पटक प्रकाशित मितिः२०८२।०६।३१**

## कम्बाईन हार्भेष्टर बाट धान कटाई सेवा सञ्चालन सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

यस गाउँपालिकाको लागि चालु आ.ब. २०८२/०८३ का लागि कष्टम हायरिङ सेन्टर मार्फत कम्बान हार्भेष्टरले हिउँदे सिजनको धान कटाई गर्ने सम्बन्धी कार्य ( पौष मसान्त सम्मको लागि )बढाबढ शिलबन्दी दरभाउपत्रको माध्यमबाट सेवा खरिद गर्नुपर्ने भएकोले सम्बन्धित इच्छुक फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही दरभाउपत्र पेश गर्न आह्वान गरिन्छ।

निम्नः

- ❖ दरभाउपत्र फारम खरिद गर्न नविकरण गरिएको फर्म तथा कम्पनी दर्ता प्रमाण पत्र,सामान बिक्रि गर्ने इजाजतपत्र,आयकर दर्ता र मुल्यअभिबृद्धि कर दर्ता प्रमाण,नागरिकताको प्रमाण पत्र, आ.ब. २०८१/८२ को कर चुत्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औ दिन सम्म कार्यालय समय भित्र रु १०००/-अक्षरेपि रु.एक हजार मात्र (फिर्ता नहुने गरी) कमल गाउँपालिकाको एन.एम.बी.बैंक केर्खामा रहेको आन्तरिक राजश्व खाता नं ०६४००५८१९६४०००१६ मा जम्मा गरेको सक्कलै रसिद निवेदनसाथ रु १०/- को हुलाक टिकट टाँसि संस्थाको प्रोपाईटर वा निजको अधिकृत प्रतिनिधिले दरभाउपत्र फारम खरिद गर्न सक्नेछ। दरभाउपत्र यस कार्यालयबाट कार्यालय समयमा सम्पर्क गरी खरिद गर्न सकिने छ।
- ❖ खरिद गरेको दरभाउपत्र रितपूर्वक भरी शिलबन्दी गरी सूचना प्रकाशित भएको मितिले १५ औं दिन दिनको १२.०० बजे भित्र यस कार्यालयमा दर्ता गरीसक्नु पर्नेछ र दर्ता हुन आएका दरभाउपत्र फारम सरकारी प्रतिनिधिहरु र दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यो सूचना प्रकाशन भएको मितिले सोही दिन दिनको २.०० बजे यस कार्यालयमा खोलिनेछ। शिलबन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्नमा बाधा पर्नेछैन।
- ❖ शिलबन्दी दरभाउपत्रमा जमानत वापत रकम रू २७०००।००यस कार्यालयको एन एम बी केर्खा शाखाको धरौटी खाता नं ०६४००५८१९६४०००८१मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर दरभाउपत्र साथ पेश गर्नु पर्नेछ। वा कम्तिमा ७५ दिन म्याद भएको मान्यता प्राप्त क बर्ग बैंकको जमानत पत्रको सक्कल प्रति पेश गर्नुपर्नेछ।

"खुशी राखौ बालबालिकाको मुहार, बालमैत्री कमल समृद्धिको आधार"
"समृद्ध कमल हाम्रो सरोकार"

केशव कुमार ढकाल
प्रमुख प्रशासकीय अधिकृत

Email:info@kamalmun.gov.np Website:kamalmun.gov.np फोन नं. ०२३-४७५०८१,९८६१३११६८६

# कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तोपगाछी, झापा

कोशी प्रदेश, नेपाल


प.स. २०८२/०८३

च.न.

- दरभाउपत्र खरिद गर्ने,दर्ता गर्ने,खोल्ने दिन सार्वजनिक बिदा परेको खण्डमा सोको भोलीपल्ट कार्यालय समय भित्र हुनेछ ।
- दरभाउपत्र स्वीकृत भएपछि सम्झौता गर्न आउँदा कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त क बर्गको बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको जमानत पत्र सक्कलै पेश गर्नुपर्नेछ ।
- शिलबन्दी दरभाउपत्र दाताले कबोल गरेको दररेट अंक र अक्षरमा केरमेट नगरी स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको दरलाई मान्यता दिईनेछ । केरमेट वा थपघट गर्नु पर्ने भएमा बुझिने गरि सो काटिएको वा थपिएको स्थानमा दायाँ,बायाँ आधिकारिक व्यक्तिको सहीछाप हुनुपर्नेछ ।
- कार्यालयबाट शिलबन्दी दरभाउपत्र खरिद गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको छाप लागेको दरभाउपत्र फारम खरिद गर्नुपर्नेछ । आधिकारिक दस्तखत र कार्यालयको छाप नलागेको वा फोटोकपी दरभाउपत्र फारम मान्य हुनेछैन ।
- रित नपुगेको,म्याद नाघि आएको वा कुनै किसिमको शर्त राखि प्राप्त हुन आएको शिलबन्दीदरभाउपत्र माथि कुनै कारवाही हुनेछैन ।
- दरभाउपत्रदाताले कृषकहरुलाई प्रतिघण्टा अधिकतम रू ४,०००।०० (अक्षरेपीः चार हजार रूपैयाँ मात्र) सेवा शुल्क लिन सक्नेछ । यस कार्यका लागि मेसिनरीमा लाग्ने टुट फुट र मर्मत सम्भार तथा अन्य खर्चहरु दरभाउपत्रदाता स्वयमले व्यहोर्नु पर्नेछ ।
- दरभाउपत्र दाताले कबोल गरेको ठेक्का अंकको सम्पूर्ण रकम मध्ये पटक पटक गरी बुझाउन चाहेमा अधिकतम दुई किस्तामा बुझाउन सक्नेछ । प्रथम किस्ता सम्झौता पूर्व कबोल अंकको ५० प्रतिशत(मू.अ.कर सहित)। साथै कबोल अंकको १.५ प्रतिशत अग्रिम आयकर दरभाउपत्र दाताले सम्झौता पूर्व नै यस कार्यालयमा दाखिला गर्नुपर्नेछ । दरभाउपत्र दाताले ठेक्का सम्झौता पछि बुझाउन बाँकी ५० प्रतिशत बराबर रकमको हकमा क बर्गको बैंकबाट २०८२ माघ मसान्त सम्म म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ ।कबोलकर्ताले शर्तबमोजिम तोकिएको अवधि भित्र दोस्रो किस्ता बापतको रकम जम्मा नगरेमा सो रकम २०८२ पौष १५ गते भित्र नीज कबोलकर्ताले पेश गरेको बैंक ग्यारेन्टी जफत गरी असुल उपर गरिनेछ ।
- ठेक्का सम्झौता भइसकेपछि प्राकृतिक वा मानव निर्मित कुनै कारणले बन्द हडताल वा अन्य यस्तै प्रकारको अन्य अवश्था सृजना भएमा ठेक्का रकममा कुनै प्रकारको मिनाहा माफी दिइने छैन ।
- पेश हुन आएका दरभाउपत्रहरु पुर्ण वा आंशिक रुपमा स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
- यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३,सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानून अनुसार हुनेछ ।

"खुशी राखौ बालबालिकाको मुहार, बालमैत्री कमल समृद्धिको आधार"

"समृद्ध कमल हाम्रो सरोकार"


Email:info@kamalmun.gov.np Website:kamalmun.gov.np फोन नं. ०२३-४७५०८१,९८६१३१९६८६

# कमल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

तोपगाछी, झापा
कोशी प्रदेश, नेपाल

प.स. २०८२/०८३
च.न.

- शिलबन्दी दरभाउपत्र सम्बन्धि अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

तपसिल :-

| क्र.सं. | विवरण | ईष्टिमेट अंक | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|
| १. | कम्बाइन हार्भेष्टर बाट धान कटाई गर्ने (२ थान) | ९,००,०००/- | २७,०००/- | मु.अ.कर बाहेक |

केशव कुमार ढकाल
प्रमुख प्रशासकीय अधिकृत